कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ७ अंक ०१ (संयुक्तांक ३०५) ने.सं. ११३७ दिल्लागा एकादशी बुधवा: २०७४ साउन ०४ गते बुधवार (Jul 19, 2017) मूल्य रु.१०/- पृष्ठ १२




## 'सेवामा समर्पित'

## ट्रि मेडिया प्रा. लि.

कीर्तिपुर, काठमाडौं । फोन नं.: ०१-४३३१८८२

Email: treemedianp@gmail.com | www.facebook.com/Treemediapvtltd

विज्ञापन तथा अन्य मिडिया सम्बन्धि सम्पूर्ण सेवाहरू

# मनुष्य जन्मको औचित्य किन छ पृथ्वीमा



प्रशान्त महासागर

मनुष्य बन्न गाह्रो छ। तर अभिनय सजिलो छ भन्नुको तात्पर्य प्रयास नै नभएको हाम्रो चाहि भन्न खोजेको होईन्। जीवन जन्म लिनु ठूलो कुरा हो भने जन्मसँगै मृत्युलाई सहजिकरण गर्न सक्नु झन ठूलो कुरा हो। तर बिर्सिएर जन्मसँग जीवन जोडेर हामी मृत्युबाट भाग्ने प्रयासमा छौं। एक किनारामा तिमी छौ अर्कोमा म छु भन्नुको अर्थ आफुलाई अरुकै नजरबाट विश्लेषण गराउनु पर्ने हामी आज स्वयम् आफैभित्र राम्रो र अरु नराम्रो भन्ने ज्ञानसँग पनि लिपिबद्ध हुँदै गईरहेका छौं जस्को कारण म हाँस्दा तिमीलाई रुन मन लाग्ने रोग लागेको हो। र त्यो रोगको डाक्टर छ को त भन्दाखेरि आफैं हुँ भन्ने तुच्छ ज्ञानमा आफुलाई चोप्न नसकेर आज औषधि त छ तर त्यो निको वा स्वास्थ्यको लागि नभईकन केवल एउटा व्यापार को लागि बन्दै गएको छ। भोक छ तर बाँच्नको लागि नभई खानको लागि बन्दै गएको छ। पानी, प्यास मेटाउन होईन् रगत चुस्न बन्दै गएको छ। पानी नचल्ने कुरा प्रथा पनि हुँदै गएको छ। यसले समग्रमा एउटा कुरा उठाउँछ नै कि पृथ्वीमा मनुष्य हुनुको औचित्य के ?

म बारबार जीवनमा सधैं एउटा चिन्तामा हुन्छु कि आफु मनुष्य हुँ भनी जुन गर्वका साथ भाषायुक्त कुलको प्राणी भएँ। तर त्यही प्राणी बनेर मर्न सक्छु वा सक्दिन्। मेरो जीवनकालमा कसैको पनि चित्त र आफ्नो पित्त दुखियोस् भन्दै सोचमग्न हुन्छु। र म त्यो पीडा वा चिन्ताबाट त्यो लिनु जुन आफुले समाधान गर्न सकियोस्। हुन त दुःख हो, नेपालीहरुलाई सुख हुने कुरा नपच्न सक्छ त्यो बेग्लै कुरा हो। तर मनुष्य हुँ भनी जन्म लिई सके पछि आफु किन मनुष्य त्यो हामी सोच्नुपर्छ ता कि त्यो गल्ति नहोस् जुन जीवन चाहन्न या भनौं मृत्यु नै लम्बिने यथार्थता वा योग रेखा नै तानियोस्। र पछि चुडिदा त्यो कसैले छोडेको रबर झै नहोस् किनभने हामी जन्मले मनुष्य हौं। र मनुष्यको औचित्य पृथ्वीमा किन छ त्यो पनि सोच्यौं।

मैले हामी जन्मले मनुष्य हौं भनें कारण हामीले प्रमाणित गर्ने भाषा हामीसँग छन्। मनुष्य हामीले जन्मले कोही पहाडमा बसे कोही समथर भू-भाग बसे र क्रिया प्रतिक्रिया हुँदै कुनै संस्कार वा कुनै चलन हुँदै पहिचान बन्दै गए। बाँच्ने क्रममा समयानुसार मारेर पनि बाँच्यौं। र समयकै प्रतिकुल वा अनुकुलको हिसाब हेक्का बुद्धिमा परिणत गरेर विकाससँगै सहजिकरणमा रुपान्तरित हुँदै गयौं। पेशा धर्म अनुसार बाँच्दै गयौं। यस्तोमा हामी आफै पीडा शेचनको लागि वर्गीकरणमा रुपान्तरित हुँदै गयौं जुन मेरो हिसाब सुखका लागि थिएनन्। जातिय मतभेद वा शक्ति असन्तुलनले महायुद्धहरु पनि प्रतिपादन गरे जस्मा हाम्रा पूर्खाहरु कोही सास फेर्दै मरे, कोही सास फेर्न बिर्सिएरै मरे। आखिरमा मर्नकै लागि जन्मे भन्ने कुरालाई बिर्सिएर आज हामी आफै वीच आतंक विजारोपण गरेर बाँच्दै छौं भने त्यस्तो अवस्थाका परिवेशहरुमा हामी हुनु वा नहुनुको अर्थ के...? यो मलाई घोचेको कुरा हो। हिजो हाम्राहरु जो कृषिमा थिए मैले सुने अनुसार कसैले कुनै अन्न चोर्न आउँला भनी पालो बस्ने होईन् कसैले आफ्नो अन्नमा कसैले थप पून: अन्नहरु थपि देला भनी पालो बस्थे रे। यो भनेको बाँच्नको लागि अन्नको आवश्यक छ तर थुपार्नका लागि होईन् भन्ने तात्पर्य मात्र हो। तर आज भोली कसरी हुन्छ थुपार्न सके मात्र म आफु खुशी वा सुखी हुन्छ भन्ने कथन सोच मनुष्यको भए।

जस्को कारण पुण्य केवल पाप गर्न वा गराउन मात्र बाँकी छ भन्ने पनि प्रमाणित हुँदै जानु हो। मानवीय सभ्यता एवम् मुल्य वा कुनै औचित्य अब त्यो रहेन भन्नु नै हो। हामी जुन अर्थ वा मानवीय सभ्यता जस्ले मनुष्य हुँ भन्ने कुरा उजागर गर्ने यथार्थता नै अब शेष वा हामी देखाउने क्षमता नै छैन् भने त्यो कुराको प्रचार नगर्दा नै ठीक हुन्छ जस्तो पनि मैले सोचेको छु। हुन त मैले सोचेको ठीक हुनैपर्छ म त्यो भन्दिन् किनभने म मनुष्य बन्न मात्र जन्मेको हुँ शायद कोही त मनुष्य भएरै पनि मरि सके होला या भनौं बाँच्दै जिउँदै छन् होला। तर जन्म जीवनले मनुष्य शब्दको उच्चारित भई सके पछि पुण्य, पाप जन्माउन होईन् भन्ने कुरा जीवन यापनमा देखाउन सक्नुपर्छ। आफुलाई सहज लाग्दा अरुलाई दुख्याउने कुराहरु गर्नु हुन्न भन्ने लाग्छ जस्मा मेरो निरन्तरता छ नै। र म आफु हुनु वा नहुनुमा फरक के पृथ्वीलाई पर्छ त्यो पनि सोच्छु। हुन त कुरा निराशाको लाग्ला तर मैले म हुनुको अर्थ अर्थात मनुष्य म हुँ भन्ने कुरा जन्मसँग मात्र खोजेर मृत्यु मारेर पन्छाउने कुराहरु सिके भने नहुँदा नि यहाँ कसैलाई कत्ति पनि कार्बनडाइअक्साइ घट्ने छैन्।

दुईचार दिन रुवाबासि चल्ला तर त्यो ठूलो होईन् नबुझेकै मान्छु किनभने जन्म पछि मृत्यु सबैको छ। तर मृत्यु त्यो पनि नहोस् जुन रोग वा कुनै अभाववाट प्राप्त होस्। त्यसैले मनुष्य आफु कतै हुँ भनी यदि कसैले विश्वमा गर्व गर्छ भने सर्वप्रथम उसले आफुलाई सदा त्यो कुराबाट टाढा राख्नु पर्‍यो जुन कुराले गर्दा कसैलाई त्यो कुराको अभाव होस्। त्यस्तै पुण्यको लागि पाप जन्माउने कुरा पनि मनुष्यले गर्नुहुन्न। अरुको चित्त र आफ्ना पित्तहरु पनि सधैं विचार गर्नु आवश्यक छ। अर्को मानवीय धर्म परित्याग आजको कुनै फेशन बनेको छ भने कति समाजमा त्यो विकास पनि ठहर हुँदै गएका छन् त्यस्ता कार्यहरु परित्याग गर्न सकेको खण्डमा मात्र मनुष्य जन्ममा जीवन सहज हुनेछ। मृत्यु स्विकार्य हुनेछ। जब हामीले मृत्युलाई स्विकार्न सक्दैनौं तब मनुष्य हुनुको कुनै औचित्य यो पृथ्वीमा छैन्। आवश्यकता भन्दा बढि सञ्चयलाई जीवन मान्नु पनि पृथ्वीभित्रको बेकार वस्तु हामीले मान्नुपर्छ नै। अनि मात्र मनुष्य पृथ्वीको लागि एक अत्यावश्यक प्राणी बन्ने छ। होईन् भने दोस्रो पछि तेस्रो विश्व युद्धको खोज नै मुख्य जीवन यापनको लक्ष्य बनाउँदा हुन्छ। पृथ्वी स्वर्ग हुनु र नर्क बनाउने फरक नै हामीले खोज्न वा सोच्न जानेनौं भने हामी आफुहरुलाई मनुष्य हौं भन्नु पनि बेकार नै हुनेछ। अत: संघर्ष छ त्यो सहीको लागि होस् जुन विद्रोहको लागि बनाउने हाम्रो दुष्प्रयासहरुलाई हामीले गर्वमै तुहाउनुपर्छ। र त्यही नै जीवन धर्म पनि हो भने मनुष्य जन्मको औचित्य पृथ्वीमा हुनु पनि हो।

pashantsharmila2@gmail.com

# विचार यात्रा – १



**सरबकुमार महर्जन**

**स्वच्छ हराभरा :**

कीर्तिपुर नगरपालिकाको मुख्यनारामा स्वच्छ हराभरा पनि समेटेको छ। स्वभाविक रुपमा कीर्तिपुर शहर स्वच्छ र हराभरा पक्कै छ, अझ यसलाई नगरभरि बनाउन सक्यो भने सुनमा सुगन्घ हुनेछ। काठमाडौंबाट कीर्तिपुर त्रिभुवन विस्व विद्यालय प्रवेश गर्नासाथ सितल हावाले मन मस्टिक अनि शरीरमा स्वच्छ र हराभराको अनुभुति दिलाएका छन्। काठमाडौंबाट चोभार हुँदै पाँगा आउने सडकमा होस् या टौदह दक्षिणकाली जाने मुल सडक होस् या भत्केपाटीबाट चम्पादेवि पुग्ने बाट किन नहोस्, त्यस वर पर सफा र हराभरा नै देखिन्छ। यसलाई अझ राम्रा बनाउन कीर्तिपुर गेटबाट नयाँबजार, खासीबजार, देवढोका शहर, पाँगा दोबाटोबाट ढोकासी साालिक सडकमा पनि सफा स्वच्छ र हराभरा गर्न पाए ? कीर्तिपुर नगरवासीलाई थप स्वच्छ र हराभराको अनुभुति गराउन सकिन्थ्यो कि ? नगाउँ दोबाटोदेखि भत्केपाटीसम्मको बाटो, राराहिल, छाप हुँदै टौदह पूग्ने बाटोमा स्वच्छ र हराभरा गर्न पाएमा कीर्तिपुरले अर्को एउटा उदाहरणीय काम देखाउने काम हुन्थ्यो कि ?, भाजंगल दहन ञचो मार्ग पनि ११ मिटरको बाटो विस्तार हुँदैछ र हराभरा स्वच्छको कार्यक्रम लागु गर्न सके मानिसको आयुमा नै समय थप हुने थियो कि ?

कीर्तिपुरका ऐतिहासिक मठमन्दिर विशेषत: कीर्तिपुर बाघभैरब, उमामहेस्वर, चिलन्चो विहार, लगायत भित्रि शहरमा स्वच्छ र हराभरा कसरी बनाउने हो ? योजना बनाउने कि ? पाँगाको ढोकासीदेखि जनसेवा मा. वि. सम्मको मुल सडक र बस्तिलाई स्वच्छ र हराभरा बनाउन कस्को के भुमिका हुन्छ छलफल गर्ने कि ?

स्वभाविकै रुपमा शहरमा बस्ने नागरिकहरुलाई बाटो सडक, ढल निकास, खानेपानी, विद्युत, संचार जस्ता आधारभुत आवश्यकता जस्तै नै हो स्वच्छता र हराभर। तर के गर्नु नारामा भएका कुरा कार्यन्वयन गर्न पनि कठिन छ। समस्या छ, स्रोत छैन, साधन छैन र जनशक्ति छैन भने जस्तो निरह बन्नु हुदैनन्।

स्वभाविक रुपमा स्वच्छ र हराभरा बनाउन स्थानीय सरकारको कर्तव्य पनि हो। स्थानीय सरकार कीर्तिपुर नगर पालिकाको पनि मुख्यजिम्मेवारी हो र हालै निर्वाचित जन प्रतिनिधिहरुको मुख्य जिम्मृवारी हुन्। स्वभावै रुपमा स्थानीय सरकारको रुपमा अनुभुति हुने गरी काम गर्ने यो अवसर पनि हो। अब नारालाई साकार पार्न केही त गर्नै पर्‍यो। पोखरीहरुले जीवन पाए जस्तै।

**सरसफाई अभियानमा हालको अवस्था :**

कीर्तिपुर नगरपालिकामा हाल फोहर संकलन गर्ने नीजी तथा गैरसरकारी सस्थाहरु ४ वटा रहेका छन्। ती सस्थाहरुले कीर्तिपुरको घरघरबाट फोहर संकलन गर्ने गरेका छन्। विशेषत साधारण घरहरु, पसल व्यवसाय, विद्यालय, इन्ष्टिच्युट, पार्टी पालेस आदि ठाउहरुबाट फोहर संकलन गर्ने, वर्गिकरण गर्ने काम गरिरहेको अवस्थामा करिव ५ वर्ष अघिदेखि पाँगामा वातावरण संरक्षण समाज गैर सरकारी संस्थाबाट फोहर संकलन, वर्गिकरण, मेशिनबाट कम्पोट मल उत्पादन, पुन: प्रयोगीय सामानको बेचविखन समेत गर्ने गरी काम गरिरहेको अवस्थामा२०७२ साल बैसाखको विनासकारी भुकम्पले थप समस्या थपेको थियो। त्यस पछाडिदेखि वातावरण संरक्षण समाज र ब्लुवेष्ट टु भ्यालु प्रा.लि सँग सहकार्यमा कीर्तिपुर फोहर व्यवस्थापन सेवा नामले निरन्तता दिदै आएको छ। यहाँ क्लिन नेपालले ट्यागलाफाँटमा, नेपाल स्वच्छ वातावरण सिर्जना केन्द्रले कीर्तिपुर डाँडा, नगाउँमा, स्वच्छ वातावरण संरक्षण समितिले नयाँबजारमा फोहर संकलन गरिहेको कुरा थाहै छ। ती संस्थाहरुले सेवाग्राहीहरुबाट सेवाशुल्क उठाइ काम गरिरहेको कुरा धेरैलाई थाह हुनु पर्दछ। त्यसकारण कीर्तिपुरको स्वच्छताको लागि नागरिकहरुको नै अहमभुमिका रहेको छ। अव स्वच्छताका साथै हराभराको लागि केही सोच्ने बेला आएको छ। कीर्तिपुर डाँडा, पाँगा र नगाउँका आदरणीय जनसमुदायले आफनो टोलमा हरियालीको लागि पनि केही योगदान गर्ने बेला आएको छ। जसले आफनो लागि आफैले केही सोच्ने र लगानी गरेका छन् त्यहाँ सफा र हरियाली पनि भएका छन्। त्यसको लागि वडा सरकारले पनि सोच्ने बेला भएको छ। केही गर्ने जमर्को गर्नु परेको छ। सिर्जनशिलता प्रयोग गर्ने बेला आएको छ। केही नयाँपन दिने, समुदाय संघसंस्था परिचालन गर्ने योजना बनाउने बेला आएको छ। नीजी तथा गैरसरकारी संस्थाहरुले गरिरहेका राम्रा कामहरुलाई हौसला दिने अवस्था आएको छ नत्र हिड्दै छ पाइला मेट्दैछ उखानले प्रसय पाउन सक्छ। विचार गरौं आफनो सहभागिता बढाऔं।


छित: स्थानीय नेता, उद्घोषक, बांला:म्ह वक्ता नापं बांला:म्ह एफ एम संचालक यायेगु

जिमिगु अभियान

उकिया नितिं छिं सफू न्याना ब्वनादिसँ।

छि थ: स्वयम हे सक्षम जुयादिसँ।

सफूया नितिं फोन ल्या: ४३३३००७, ९८४१४०१०७७, ९८४१७५२५८३



कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ७ अंक ०१ (संयुक्तांक ३०५) ने.सं. ११३७ दिल्लागा एकादशी बुधवा: २०७४ साउन ०४ गते बुधवार (Jul 19, 2017) मूल्य रु.१०/- पृष्ठ १२

# कीर्तिपुर नगरपालिकाको नयाँ बजेट चिरफाट

## वडाको योजना छनौटविना बजेट मात्र छुट्याइएको र नगर विकास परिषद्को हैसितमाथि प्रश्न



**कीर्तिपुर सन्देश साप्ताहिक**

कीर्तिपुर नगरपालिकाको पहिलो नगर सभाले नयाँ आर्थिक बर्षका लागि ७९ करोड ५६ लख १४ हजार बजेट विनियोजन गरेको छ । सो बजेटमा पुँजीगततर्फ ५६ करोड ९५ लाख छुट्याइएको छ। महाभूकम्पवाट पीडितहरुको घरको नक्सा पास गर्ने क्रममा ९० प्रतिशत मिनाह गर्ने निर्णय गरेको छ। घरजग्गा करमा १५ प्रतिशट छुट दिने भएको छ । वडा नं. ४ र ६ मा विकासका लागि प्रत्येक वडालाई ७० लाख रुपैंया र अन्य आठ वटा वडामा प्रत्येकलाई ५० लाख रुपैंया दिने निर्णय गरेको छ।

नगरसभाले मेयरलाई मासिक रुपमा ३५ हजार, उपमेरयलाई ३० हजार र वडा अध्यक्षहरुलाई १८ हजार रुपैंया तलब दिने निर्णय गरेको छ । आन्तरिक श्रोतवाट तलब दिने निर्णय गरेको विरोध नेपाली कांग्रेसका वडा अध्यक्षहरुले गरेका थिए । यसैवीच नेपाली कांग्रेसका वडा नं. ४, ५ र ८ गरी तीन जना वडा अध्यक्षहरुले आन्तरिक श्रोतवाट तलब नलिने घोषणा गरेको छ।

कुनै पनि सरकारी निकायले योजना बनाउदा कुन स्थानमा के गर्ने भन्ने विषयमा मूर्त रुपमा उल्लेख हुनुपर्ने भए तापनि यसपालि कीर्तिपुर नगरपालिकाको बजेटमा भने धेरै कुरामा मूर्त रुप नभएको टिप्पणी हुन थालेका छन्। कीर्तिपुर नगर विकास परिषद् स्थापना संचालनका लागि २० लाख रुपैंया छुट्याइएको छ। सो परिषद्को हैसियत के हुने हो ? कानुनी आधार के हो ? कार्यदल हो कि ? सल्लाहकार समिति हो कि कार्यकारी समिति हो भन्ने सवालमा स्पष्ट छैन । सो परिषद्का लागि २० लाख रुपैंया छुट्याइएको छ ।

कीर्तिपुर नगर वस संचालनका लागि ५० लाख, उपत्यका नगर बस शेयर लगानी ३५ लाख, सवारी साधन गाडी तथा मोटर साईकल खरिदको लागि ६० लाख। छाडा चौपाया व्यवस्थाप गर्न २० लाख । भुस्याहा कुकुर नियन्त्रण तथा सिनो व्यवस्थापनका लागि १५ लाख। सौर्य बत्ति जडान २ सय २० स्थानका लीगि ७७ लाख। वडा नं. २, ८ र १० को कार्यालय भवन निर्माण गर्न ३० लाख। वडा स्तरीय विकास योजना तथा कार्यक्रम ५ करोड ४० लाख रुपैंया छुट्याइएको छ। वडास्तरको बजेटको सवालमा अमूर्त रहेको छ। वडा भेला गरि योजना सहित प्रस्ताव ल्याएपछि बजेट छुट्याउनुपर्ने अवस्थामा नगर सभाले वडाका लागि बजेट छुट्याइएको कुरालाई स्थानीयवासीले चासो लिन थालेका छन्।

सिम जलाधार क्षेत्र संरक्षण कार्यक्रम २० लाख । वडा नं ४ को राउटे भिरमा खानेपानी मुहान संरक्षण र उत्पादन बृद्धिका लागि ड्याम निर्माण गर्न २ करोड । बल्खु दीखु खोलामा ड्याम निर्माण गरि पानी संकलन गर्न १ करोड । नगर क्षेत्रको भू क्षय नियन्त्रण योजना १० लाख । *बाँकी ५ पेजमा.............*



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# कीर्तिपुर सन्देश साप्ताहिक ७ औं बर्षमा प्रवेश

आज भन्दा ६ बर्ष अघि कीर्तिपुरमा प्रकाशित कीर्तिपुर सन्देश साप्ताहिक ७ औं वर्षमा प्रवेश भएको छ। प्रतिस्पर्धाको युगमा साप्ताहिक पत्रिका प्रकाशित गर्नु त्यति सजिलो विषय भने अवश्य पनि होइन। कीर्तिपुर नगरमा मात्रै करिव आधा दर्जन पत्र पत्रिकाहरु प्रकाशित भइरहेको अवस्थामा आफ्नै पहिचान बनाउन र कीर्तिपुरको सर्वाधिक लोकप्रिय पत्रिका बनाउन सफल भएको छ।

पछिल्लो समयमा नेपाल सरकारको सूचना विभागमा दर्ता गर्दै वर्गिकरणमा समेत परेको अवस्था छ। सूचना विभागमा दर्ता गर्दै पहिलो बर्षमा नै ग बर्गमा पुगेको कीर्तिपुर सन्देश साप्तहिक पत्रिका यस बर्ष मात्रै ५० अंक प्रकाशित गर्न सफल भएको छ। बर्षमा ५२ हप्ता हुने सो क्रममा यस बर्ष मात्रै ५० अंक प्रकाशित गर्न सफल भएको छ। कीर्तिपुर सन्देश साप्ताहिक पछिल्लो समयमा कम्तिमा दश पेजदेखि ३२ पेज सम्म पनि प्रकाशित गर्न सफल हुनुको प्रमुख कारण भनेको पाठक, विज्ञापनदाता, लेखक र अन्य पक्षले निरन्तर सहयोग गरेका कारण हो। त्यसैले निरन्तर रुपमा अहिले सम्म साथ दिने विज्ञापन दाता, स्तम्भकार, पाठक र सम्पूर्ण कीर्तिपुर वासीलाई हामी धन्यवादका साथ साथै बधाई दिन चाहन्छौं।

कीर्तिपुर सन्देश साप्ताहिकले कीर्तिपुरका जिम्मेवार निकाय र जनप्रतिनिधिहरुलाई खबरदारी गर्दै जाने र राम्रा कामको प्रचार प्रसार गर्दै समाज रुपान्तरणमा निरन्तर रुपमा भूमिका निर्वाह गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्न चाहन्छौं।



नजरराम महर्जन
प्रकाशक

श्रीकृष्ण महर्जन
सम्पादक

कुनैपनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

# जीयसटी र हाम्रो विकेन्द्रिकृत कर प्रणालीको अभ्यास



इन्द्र पौड्याल

गत २०१७ जुलाई १ को मध्येरातमा भारतीय राष्ट्रपति प्रणव मुखर्जी र प्रधानमन्त्रि नरेन्द्र मोदिले संसदको विशेष बैठक मार्फत संयुक्त रूपमा कार्यान्वयनमा ल्याएको वस्तु तथा सेवा कर (जीयसटी) यतिखेर सर्वाधिक चर्चाको विषय बनेको छ। छुट्टाछुट्टै प्रान्तहरूले आफूखुशी लगाउदै आएको कर का बहुदर प्रणालीलाई केन्द्रिकृत गर्दै एकद्धार प्रणाली मार्फत कर संकलन गर्ने केन्द्र सरकारको रणनीति स्वरुप जीयसटी कार्यान्वयनमा ल्याईएको हो।

आलोचकका अनुसार राज्य सरकारको अधिकार क्षेत्रभित्र पर्ने राजस्व सङ्कलनको विधि र प्रकृयामा केन्द्र सरकारको पछिल्लो निर्णय विकेन्द्रिकरणको मान्यता विपरित चालिएको कदम भनेका छन्। तर सरकारले भने जीयसटी कार्यान्वयनमा ल्याउनु स्वतन्त्रता यताकै सबैभन्दा ठूलो उपलब्धी भनी जोडदार रुपमा बचाउ गरेका छन्। त्यतिमात्र होईन जीयसटी लागूभए पछि दुई प्रतिशत अतिरिक्त आर्थिक वृद्धि हुने दावी सरकारी पक्षको छ। खुला सिमाना र नेपालको सबैभन्दा ठूलो आर्थिक साझेदार भएको नाताले पनि भारतमा हुने आर्थिक र राजनैतीक उतार चढावको प्रत्यक्ष प्रभाव नेपालमा पर्ने गर्दछ। नेपालको कुल आयातको झण्डै ६५ प्रतिशत हिस्सा भारतसँग निर्भर हुनु, तेस्रो मूलुक सम्मको व्यापारमा भारतकै भूमि प्रयोग गर्नुपर्ने बाध्यता, सन् १९५० को कतिपय विभेदकारी सन्धि अभिसन्धिहरुको कारणले गर्दा पनि भारतको आन्तरिक विषय बस्तुको जोडघटाउ नेपालमा हुने गर्दछ चाहे त्यो आर्थिक, सामाजिक, राजनैतीक र साँस्कृतिक विषयवस्तुनै किन नहोस सीमापारिको हरेक गतिविधको प्रभाव सिमावारी सामान्य जस्तै बनेको छ।

छिमेकी मूलुक भारतमा सात दशक अघिदेखि प्रयोगमा ल्याईएको विकेन्द्रिकृत कर प्रणलीलाई पूर्णविराम लगाउँदै केन्द्र सरकारले एकद्धार कर प्रणाली मार्फत समान दरमा देशभरको कर सङ्कलन गर्ने नीति अंगिकार गरिरहँदा नेपालमा भने यसको ठीक विपरीत प्रणालीको उल्टो अभ्यासको थालनी हुन गईरहेको छ। नेपालमा तत्कालीन समयमा मूल्य अभिवृद्धिकर (भ्याट) सहित अन्य करहरु जस्तै भन्सार महशुल, अन्त शुल्क, आयकर, सम्पत्तिकर विभिन्न दस्तुर तथा सेवा शुल्क लगायतका अन्य गैरकर राजस्वहरु देशभर समान रुपमा लगाईदै आएकोमा नेपालको संविधान २०७३ ले कतिपय कर सङ्कलनको अधिकार स्थानिय तहमा प्रत्यायोजन गर्ने परिकल्पना गरेको छ। नयाँ संरचना अनुसार सात प्रदेश मातहतका सातसय चौवालीस स्थानीयतहहरुले आ(आफ्नो तरिकाले बस्तु तथा सेवामा छुट्टाछुट्टै करका दरहरु निर्धारण गर्ने हुनाले आगामी दिनमा कर कार्यान्वयनमा झन अन्यौलता बढेर जाने निश्चित छ।

संविधान अनुसार भन्सार, अन्त : शुल्क, मूअकर, संस्थागत आयकर र व्यक्तिगत आयकर, पारिश्रमिक कर, र ाहदानी शुल्क र भिसा शुल्क केन्द्र सरकारले असुल गर्दछ। पर्यटन दस्तुर र सेवा शुल्क दस्तुर संघ, प्रदेश र स्थानीय तहले सङ्कलन गर्दछ भने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर प्रदेश र स्थानीय तहको सरकारको अधिकारको सूचीभित्र राखिएको छ। कृषि आयमा प्रदेश सरकारले कर असुल गर्दछ सम्पत्तिकर, बहालकर, व्यवसायकर र मालपोत (भूमिकर) स्थानीय तह सरकारले असुल उपर गर्ने संबैधानिक व्यवस्था छ।

यसरी संघ प्रदेश र स्थानीय सरकारले सङ्कलन गर्ने करका विभिन्न शिर्षकहरुमा तीनै तहको आ-आफ्नो दावीहुने र यसले विवाद सिर्जनाहुन गई कर सङ्कलननै प्रभावित हुने देखिन्छ। अर्कोतर्फ समान बस्तु तथा सेवामा दोहोरो कर लाग्ने र जसको कारणले बस्तु तथा सेवाको लागत मूल्य वृद्धिभई उपभोक्ता मारमा पर्ने देखिन्छ।

प्रदेश नं दुई बाहेकका अन्य प्रदेशहरुमा स्थानीय तह निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले आ-आफ्नो कार्यभार समेत सम्हालीसकेका छन्। उनिहरुले स्थानीय तहमा आर्थिक स्रोत कसरी जुटाउने भन्दा पनि सस्तो लोकप्रियता कमाउने होडमा लागिपरेका छन्। आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने सामाजिक सुरक्षा कोष अन्तर्गतका भत्ताहरु वृद्धिगर्ने, अफिसका लागि विलाशी र महंगा सरसामानको खरिद गर्ने महंगो सवारी साधनको खरिद र आफ्नै सेवा सुविधाभोगी नीर्णय गरीरहेका छन्। जनप्रतिनिधीहरुका सुरुवाती चरणका कामका यस्ता प्रकृतिहरु हेर्दा भविस्यमा उनिहरुबाटै वित्तिय अनुशासनको सीमा नाघिने प्रस्ट छ।

यस तर्फ सम्बन्धित निकाय समयमानै सचेत हुनुपर्ने देखिन्छ। संघियताको सफलता र असफलताको मापन आर्थिक पक्षलेमात्र गर्न सक्दछ त्यसैले राजस्व सङ्कलन र यसको बाँडफाँडमा केन्द्र सरकारले हस्तक्षपकारी भूमिका निर्वाह गर्नु अपरिहार्य देखिन्छ।

हाम्रो मूलुक संघियता कार्यान्वयनको नौलो अभ्यासमा अगाडी बढीरहँदा भारतमा सात दशक अघिदेखी प्रयोगमा आईरहेको कर र राजस्व सङ्कलनको विधि र प्रकृयामा ठूलो फेरबदल गर्दै जीयसटी प्रयोगमा ल्याउनुको कारण केहो त ? तात्कालीन कर प्रणालीहरुका कमि कमजोरीहरु के थिए ? लगायत भारतीय नयाँ कर प्रणालीले नेपालमा पर्ने प्रभावको सरकारी तवरबाट गम्भीर समिक्षा गर्नु जरुरी छ।

## कविता– शोक सभा



**निर्दोष महता जय**
**धनगढी ,कैलाली**
**(हाल काठमाडौ)**

देश शोकमा डुबि रहदा
साच्चै पत्थर पग्लेका छन
अनि सधैं हाँसिरहने चम्कि रहने
उच्च हिमश्रृङ्खलाहरु
भावविह्वल छन
र रोईरहेछन अश्रु धारा बगाएर
सदाबहार बहने हावा पनि रोकिएको छ
त्यसैले त रुखका पातहरु पनि स्थिर छन्
मनाई रहेछन् एक वीर सहिदको शोकसभा,
सधैं आफ्नो आवाजमा मधुरस मिसाउने
कोइलीले
देशको यो गति देख्दा
विरहका गीत गाउन छोडेको छ ,
भारतीय विस्तारवादको विरुद्धमा
निलो आकाशमा
ठुलाठुला बादलका ढिस्काहरुले
सच्चा देशभक्त योद्धा
जो आफ्नो आमाको रक्षार्थ
सिमानामा तैनाथ एक खम्बा
गर्ल्याम्म ढलाईयो बैरीबाट
अमर रहुन् वीर गौतम भन्दै
शोक सभा र विरोध सभा गरि रहेका
छन्,
बादलले मौनधारणका बेला
बगाएको आँसुले
नेपालका सडक हिलाम्मे भएका छन्
तर पग्लेन यो देशको सरकारको मन
र दुई शब्द बोल्न सकेनन्
च्याउझैं उम्रेका मिडियाहरुले
अनि हाम्रा ज्युँदा सालिकहरुले
जो हिजो भुक्ने बौलाहा कुकुरझैं
गल्ली गल्ली चोकचोकमा !

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेशकुमार थपलियाल भन्नु हुन्छ: जनप्रतिनिधिलाई मासिक तलब छैन'



'कीर्तिपुर नगर पालिको पहिलो सभाले मेयर, उपमेयर र वडा अध्यक्षको लागि तलब स्वघोषणा'

**कीर्तिपुर सन्देश साप्ताहिक/**

स्थानीय तहको नगर सभा गर्दै नव निर्वाचित जनप्रतिनिधिहरुको मासिक तलब स्वघोषणा गर्ने कार्य भइरहेको अवस्थामा सरकारले स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिलाई मासिक तलबको व्यवस्था नगरेको स्पष्ट पारेको छ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेशकुमार थपलियाले आइतवार रिपोर्टर्स क्लब नेपालको साक्षात्कारमा संविधानमा भएको स्थानीय तहसम्बन्धी व्यवस्थाको अनुसूची(८ मा भएको २२ वटा र अनुसूची(९ मा भएको १५ वटा काम नै स्थानीय तहले गर्न पाउने स्पष्ट पारे। त्यसका लागि आवश्यक नियम कानून बन्ने क्रममा रहेको उनले जानकारी दिए।

जनताले स्थानीय तहको विकासका लागि भोट दिएर पठाएको भन्दै सचिव थपलियाले जनप्रतिनिधिले मासिक तलबको रुपमा केही सुविधा लिन नपाउने बताए। उनले भने, 'स्थानीय जनप्रतिनिधि भनेको तलब खाने व्यक्ति होइनन्। तर, स्थानीय स्तरमा नै कानुन बनाएर सेवा सुविधा तोक्न सकिने छ।'

उनले अघि भने, जनप्रतिनिधिहरुले के बुझ्नु जारुरी छ भने उनीहरुले कहिल्यै पनि तलब पाउँदैनन् किनकी उनीहरु कर्मचारी होइनन्। तर, कुनै निकाय वा कार्यालयमा खटिएर काम गरेपछि सेवा सुविधा त पाउनुपर्छ, त्यो पाउँछन्।'

हाललाई भने तलब लिने, गाडि सुविधा, कर्मचारी नियुक्ति जस्ता कुनै पनि अधिकार जनप्रतिनिधिलाई नभएको उनले बताए। स्थानीय तहलाई आवश्यक पर्ने कर्मचारी केन्द्रिय तहबाट नै व्यवस्था गरिने र नयाँ कर्मचारीको व्यवस्थापन लोकसेवा आयोगमार्फत हुने सचिव थपलियाको भनाइ छ।

स्मरण रहोस देशभरीका स्थानीय तह अन्तर्गतका नगरपालिकाहरु मध्ये जनप्रतिधिहरुलाई तलब दिने निर्णय कीर्तिपुर नगरपालिकाले पहिलो पटक गरेको थियो। गत असार २८ गते सम्पन्न भएको नगर सभा अन्तर्गतको बन्द शत्रले कीर्तिपुर नगरपालिका मेयरलाई ३५ हजार, उपमेयरलाई ३० हजार र वडा अध्यक्षहरुलाई १८ हजारको दरले तलब दिने निर्णय गरेको थियो।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेशकुमार थपलियाले नै सार्वजनिक रुपमा जनप्रतिनिहरुले अहिलेको अवस्थामा तलब लिन नसकिने बताएका कारण कीर्तिपुर नगर पालिकाका जनप्रतिनिधिहरुलाई अप्ठ्यारो परेको छ। समाजिक सञ्जाल फेस बुकमा समेत यस्को चर्चा हुन थालको छ भने कीर्तिपुरका स्थानीयवासीवीच पनि जनप्रतिनिधिहरुको तलबको विषयमा चर्चा हुन थालका छन्।

# कीर्तिपुर नगरपालिकाको नयाँ बजेट....



**नगर सभा पछि कीर्तिपुर नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुको सामुहिक फोटो**

३ पेजको बाँकी

खासी बजार लगायत अन्य प्राचिन पोखरी ताल, दह संरक्षण सुधार योजनाका लागि २ करोड। संस्कृति प्रबर्द्धनको शिर्षकमा सांस्कृतिक बाजागाजा, जात्रा पर्व पुजा तथा गुथि संचालन अक्षयकोष स्थापनाका लागि ४० लाख रुपैंया। बाहा: बही चोक ननी धार्मीक पुरातात्वीक ऐतिहासिक मठ मन्दिर तथा अन्य सम्पदाहरुको संरक्षण कार्यक्रम २० लाख छुट्याइएको छ। खेलकूद विकास कार्यक्रम: खेलकुड पूर्वाधार निर्माणका लागि २५ लाख। नगर खेलकुद विकास समिति मार्फत विभिन्न खेलकुड प्रतियोगिता संचालन गर्न ७ लाख। खोलकुद प्रबर्द्धन कार्यक्रम १३ लाख। समृद्ध कीर्तिपुर कार्यक्रम: सुचना प्रविधि आईटी पार्कका लागि ३५ लाख, ई लाइब्रेरि स्थापना र संचालन ५ लाख। प्रत्येक वडामा फ्रि वाईफाई जोन व्यवस्था गर्न २ लाख। शैक्षिक बृद्धि विकास अक्षयकोष स्थापना ५० लाख। पूर्ण साक्षरता कार्यक्रम २५ लाख। नेपालभाषा एकेदेमिमा अध्ययण अनुसन्धान तथा प्रकाशन कार्यक्रम १० लाख। प्राविधिक शिक्षालय स्थापना २५ लाख। युवा स्वरोजगार कार्यक्रम/नगर स्वरोजगार कार्यक्रम १ करोड छुट्याइएको छ।

शिक्षा: सामुदायीक विद्यालयहरुलाई कम्प्युटर वितरण ५० लाख। सामुदायीक विद्यालयहरुलाई विशेषज्ञ शिक्षक सहयोग कार्यक्रम ४० लाख। सामुदायीक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रमका लागि ५० लाख। विद्यालयस्तरीय मातृभाषा शिक्षा कार्यक्रम २० लाख रुपैंया छुट्याइएको छ। नगर विकास पूर्वाधार कम्पनी बनाउनका लागि १ करोड रुपैंया छुट्याइएको छ। नगरपालिकामा भएका प्राविधिक जनशक्तिलाई व्यवस्थापन गर्न नसकिरहेको अवस्थामा अव नयाँ कम्पनी नै निर्माण गरि काम गर्न नगरपालिकाको नेतृत्व कतिको सक्षम हुने हो भनी स्थानीयवासीले टिप्पणी गर्न थालेका छन्।

नगर सभाको एजेण्डा कानुन बमोजिम कम्तीमा १५ दिन अघि नै नगर सदस्यहरुलाई बजेट भाषणको प्रतिलिपि दिनुपर्नेमा त्यसरी नदिएको एक वडा अध्यक्षले कीर्तिपुर सन्देशलाई बताउनु भएको छ। सुचना तथा संचार क्षेत्रका लागि कुनै शिर्षक नै उल्लेख गरिएको छैन भने विज्ञापन खर्च २ लाख राखिएको छ।

गत बर्षदेखि नगरको सुरक्षाका लागि महत्वपूर्ण स्थानमा सिसिटिभि राख्नका लागि बजेट छुट्याइएको थियो। गत बर्ष त्यसका लागि २५ लाख रुपैंया बजेट छुट्याइएको थियो भने यस बर्ष भने बजेटमा सो सवालमा मौन रहेको पाइयो।

कर्मचारी भर्ना कानुन बमोजिम नगर्न र नगराउन निर्देशन दिएको अवस्थामा मेयर र उपमेयरका पिएहरुको सवालमा स्वयं नगरपालिकाका कर्मचारीहरुले प्रश्न गर्न थालेका छन्। अहिलेसम्म पनि मेयर र उपमेयरका पीएहरुले हाजिर समेत गर्न नपाएको थाहा भएको छ।

पछिल्लो समयमा स्थानीय सरकारको रुपमा भएको स्थानीय तह कीर्तिपुर नगरपालिकामा नेपाली कांग्रेसका अध्यक्षहरु र नगर सदस्यहरुको भूमिका हेर्दा अव कांग्रेसवाट निर्वाचित जनप्रतिधिहरु एक किसिमले प्रतिपक्षको भूमिका निर्वाह गर्ने अवस्था देखिएको टिप्पणी समेत हुन थालका छन्।


**ENGLISH LANGUAGE**

**write scholarship exam**
**get a discount of 40% to 100%**

**Time: Morning/Day/Evening shift**

**VALLEY**

**INTERNATIONAL CONSULTANCY**
**NEAR KIRTIPUR GATE (014332509)**

**With us Learning is**
**Easy**
**Enjoyable**
**Effective**

**100% OFF**

# जलविनायक सामुदायिक वनले शुक्रसागर श्रेष्ठलाई श्रद्धाञ्जली दियो




जलविनायक सामुदायिक वन उपभोक्ता समूहले की.न.पा. वडा नं ३ निवासी शुक्रसागरको सम्मानमा श्रद्धाञ्जली सभाको आयोजना गरियो। गत असार ३१ गते चोभारस्थित ऐतिहासिक गल्छी नजिक मञ्जुश्री प्रतिमा निर्माण स्थलमा दिउँसो ३ बजे श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो। मञ्जुश्री निर्माण समितिका प्रमुख सल्लाकार एवं बरिष्ठ पुरातत्वविद शुक्रसागर को गत २०७४ साल जेठ ४ गते ६२ वर्षको उमेरमा दिवंगत हुनु भएको थियो । समुहका अध्यक्ष इन्द्र वहादुर महर्जनको अध्यक्षता सम्पन्न भएको उक्त कार्यक्रम समूहका सचिव शुभलक्ष्मी शाक्य (सुनिता)ले संचालन गर्नु भएको थियो।

दिवंगत शुक्र सागर श्रेष्ठकी छोरी शिलु श्रेष्ठले मन्तव्यको क्रममा उहाँ मञ्जुश्री प्रतिमा निर्माणलाई पहिलो प्राथमिकता दिने व्यक्ति भएकोले म चीनमा अध्ययन गरि रहेको समयमा मञ्जुश्रीको जन्म स्थान चीनको उताई सान (पञ्च शीर्ष पर्वत) सम्म बुवा सहित पुगेको र पुरातत्वविद् शुक्रसागर श्रेष्ठ र मञ्जुश्री प्रतिमा निर्माणका मुख्य कलाकार चन्द्रश्याम डंगोल बीच आपसी सल्लाह र डिजाईन अनुसार मञ्जुश्रीको मुर्ति निर्माण गर्न लागिएको, मञ्जुश्रीको मुर्ति निर्माण अनुसन्धानको क्रमलाई लिएर बुवालाई नजिकवाट नियालेर हेर्ने मौका पाएको कुरा वताउनु भएको थियो। कीर्तिपुर नगरपालिकाका उप(प्रमुख सर स्वती खड्काले जलविनायक सामुदायिक वन उपभोक्ता समूहलाई उहाँले दिनु भएको सल्लाह, सूझाव एवं मार्ग दर्शनमा सधै समूह अगाडी बढीर होस्, मञ्जुश्री प्रतिमा निर्माण कार्यले पूर्णता पाओस, प्रतिमा निर्माण कार्य पुर्ण भएको खण्डमा उहाँको सपना साकार हुने र उहाँको आत्माले शान्ति पाउने भएकोले प्रतिमा निर्माण कार्यले छिटो भन्दा छिटो पूर्णता पाओस्, उहाँ एक पुरातात्विक एवं ऐतिहासिक व्यक्तित्व समेत भएकोले उहाँलाई भुल्न नहुने, उहाँ कीर्तिपुर नगरपालिकाका सल्लाहकार समेत भएकोले उहाँले देखाउनु भएको वाटो तर्फ सधै नगरपालिका अग्रसर रहने छ भनी प्रतिवद्धता सहितको श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा लुम्बिनी विकास कोषका सदस्य सचिव एवं वौद्ध विद्वान् अजितमान तामाङ्गले शुक्र सागर श्रेष्ठ जस्तो पुरातत्व, सिल्कर ोड, भाषा साहित्य र वौद्ध क्षेत्रको अत्यन्त ठूलो प्राज्ञ शारीरिक रुपमा गुमाउनु परेकोमा दुःख व्यक्त गर्नुभयो । साथै वहाँले लेखेर जानु भएको तर प्रकाशित गर्न वाँकी पुस्तकहरू प्रकाशनमा आफूले हरतरहले सहयोग गर्ने वचनवद्धता समेत व्यक्त गर्नुभयो। कार्यक्रमको शुरुवात आसन ग्रहण पश्चात् उहाँको सम्झनामा एक मिनेट मौन धार ण गरी, श्रद्धेय शुक्र सागर श्रेष्ठको तस्विरमा माल्र्यापण सहित श्रद्धाञ्जली अर्पण गरिएको थियो। उपस्थित अतिथीहरुवाट समाज, देश र अन्तराष्ट्रिय क्षेत्रका विभिन्न विधामा उहाँले पुर्‍याउनु भएको योगदानको चर्चा परिचर्चा हुनुको साथै उहाँको सम्मानमा श्रद्धाञ्जली मन्तव्य व्यक्त गरिएको थियो।

नेकपा (माओवादी केन्द्र) कीर्तिपुर नगर कमिटीका अध्यक्ष शम्भुराम महर्जनले उहाँ पुर ातात्विक, धार्मिक एवं ईतिहासको मात्र विज्ञ नभई पाउर ोटीको पनि विशेषज्ञ जस्तो लाग्ने विभिन्न स्वादका पाउरोटी वनाउन समेत सिपालु रहेका, ज्ञानको अथाह सागर भएको व्यक्ति, उहाँ अध्ययन तथा अनुसन्धानमा समेत निरन्तर तल्लिन रहने भएकोले उहाँको साँचो श्रद्धाञ्जली तव हुन्छ जव उहाँले दिनु भएको ज्ञान, उहाँले दिनु भएको मार्गदर्शन, सल्लाह एवं सुझावलाई लिएर अगाडी हिड्नु नै उहाँ प्रतिको सच्चा श्रद्धाञ्जली अपर्ण गरिएको हुन्छ भनी श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्नु भएको थियो । मञ्जुश्री प्रतिमा निर्माण कार्यमा संलग्न मुख्य कलाकार चन्द्र श्याम डंगोलले मुर्तिको अगाडी उहाँको सालिक राख्न पाउँदा उहाँको मनलाई शान्ति मिल्ने र मञ्जुश्रीको मुर्ति निर्माण पश्चायत् प्रतिमा निर्माण सँगै उहाँको सालिक राख्ने आफ्नो ईच्छा जाहेर गर्नु भयो। मञ्जुश्री प्रतिमा निर्माण समितिका संयोजक एवं जलविनायक सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष सुजिन्द्र महर्जनले २०६५ सालतिर शुक्रसागर श्रेष्ठसँगको भेटघाट भएको, उहाँ सँगको छलफल र उहाँको मार्गनिर्देशन अनुसार चोभारमा ३३ फिटको मञ्जुश्रीको मुर्ति निर्माण गर्न लागिएको, उहाँ एउटा विषयमा मात्र नभई धेरै विषयमा अध्ययन गर्ने, अनुसन्धान गर्ने व्यक्ति भएकोले उहाँले सम्पदाको विषयमा, बेकरीको विषयमा, शिल्क रोडको विषयमा समेत विज्ञ रहनुभएकोले देशकै नाम राख्न सफल हुने अदर्श व्यक्ति भएको, उहाँले चोभारवाट सगर माथा देख्न सकिने, अप्रिल २२ मा चोभारवाट सगरमाथाको ठीक माथिवाट सूर्य उदाएको देख्न सकिने तथ्य र प्रमाण सहित जानकारी गराउनु भएको कुरा सभा समक्ष राख्नुभयो । मातृभाषालाई पहिलो प्राथमिकता दिने श्रेष्ठ आफु सँग भएको ज्ञान र सीप सिक्न चाहने व्यक्ति र सिक्ने हैसियत भएको जो कोही चाहे त्यो ठूलो होस् वा सानो व्यक्ति नै किन नहोस् निस्वार्थ भावनाले ज्ञान दिने र उहाँले आफु जस्तै नयाँ पुस्ता उत्पादन गर्ने व्यक्ति समेत हुनुहुन्थ्यो । उहाँ कुटनीतिक विषयमा समेत ज्ञाता हुनुहुन्थ्यो। उहाँले अन्तर ाष्ट्रिय कानून अनुसार हाम्रो देशवाट चोरी भएको मुर्ति फिर्ता ल्याउन सकिने र केहि मुर्ति फिर्ता ल्याउन सफल भएको भन्ने विषयलाई लिएर जानकार ी गराउनु भएको थियो।



सम्पर्क नम्बर: अशोक ९८५१०४३६२३, आनन्द ९८४१२७०५२९






Exchange Offer

Online Shoping को लागि Playstore मा MN Shop App. को व्यस्था

सम्पुर्ण सामानहरुमा वारेन्टी

सस्तो, भरपर्दा र उत्कृष्ट ब्राण्डका सामानहरु




Mobile Nikunja Pvt. Ltd.

Head Office:

Kirtipur-17, Kathmandu ☎ : 01-4333257

E-mail: mobilenikunj4333257@gmail.com

Showroom:

Kirtipur-17, Kathmandu

Prayag Pokhari-12, Lalitpur

Kuleshwor-14, Kathmadu

Mahabauddha-5, Mobile House

# उज्ज्वल शिशु निकेतनको सम्मान कार्यक्रम सम्पन्न




**कीर्तिपुर सन्देश/**

पाँगा शहिदपथ स्थीत उज्ज्वल शिशु निकेतन एकेदमीले एसईई २०७३ पास विद्यार्थीहरुलाई एक कार्यक्रमको वीच सम्मान तथा दिक्षित गरियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा.शिवशरण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि प्रा.डा.बासुदेव काफ्लले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको थियो । अन्य अतिथिहरुमा पूर्व राज्यमन्त्री दिलिप महर्जन, प्रा.डा. धर्मराज महर्जन, प्राज्ञ रामकृष्ण दुवाल, जिल्ला शिक्षा निरिक्षक मोतिराज खनाल, वडा नं.५ का वडाध्यक्ष राजेन्द्र महर्जन, वडा नं.८ का वडाध्यक्ष विनोद महर्जन वडा नं.७ का अध्यक्ष राजकुमार माली, वडा नं.६ का अध्यक्ष न्हुच्छेवहादुर महर्जनको साथै विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई अतिथी बनाइएको थियो । उक्त स्कुलका इन्चार्ज नवीन महर्जनको गत असार ९ गते आकस्मिक असामयिक निधन भएकोले उहाँको सम्झना एक मिनेट मौन धारण गरी उहाँलाई श्रद्धाञ्जली अर्पण गरेको थियो ।

प्रा.डा.शिवशरण महर्जनले स्वागत मन्तव्यको क्रममा उज्ज्वल स्कुलले पढाईको अतिरिक्त अतिरिक्त क्रियाकलाप द्वारा विद्यार्थीहरुको सर्वाङ्गिण विकासको पक्षमा रहेको गुणस्तरीय शिक्षामा जोड दिंदै आएको बताउनुभयो ।

प्रमुख अतिथि प्रा.डा. वासुदेव काफ्लेले विद्यालयलाई ४ मन्त्र पालना गर्न सुझाव दिनुभयो । जुन विद्यार्थी झिकाउनु, टिकाउनु, सिकाउनु र विकाउनु रहेका छन । बीच बीचमा विद्यार्थीहरुले देखाएको विभिन्न किसिमका सांस्कृतिक कार्यक्रमबाट मोहित भएका प्रमुख अतिथिले विद्यार्थीको सार्थ विद्यालयको पनि प्रशंसा गर्दै भने सिर्जनात्मक प्रतिभा उत्पादन गर्न विद्यालयले खेलेको भूमिकालाई अभिभावकले विर्सन नहुनेभन्दै आत्मविस्वास भई पाएको शिक्षालाई रुपान्तरण गर्न सक्ने बताउनुभयो ।

उहाँले विद्यार्थीहरुलाई पनि सफलताको सुचक भनेकै श्रम, अभ्यास,निरन्तरता र प्रक्षेपण हो भनि सल्लाह दिनुभयो । अभिभावकको तर्फबाट शिवसागर चौधरीले विद्यार्थीहरुले भगवान भरोसामा नवसी आफ्नै खुट्टामा उभिएर स्वाभिमानी बनी विश्व वजार मा नेपालीले पनि गर्न सक्छ भनी देखाउन सल्लाह दिनुभयो ।

विद्यार्थीहरुलाई सल्लाह दिने क्रममा विद्यालय निरिक्षक मोतिराज खनालले विद्यार्थीले पढ्ने हरेक विषयको आ-आफ्नो महत्व हुन्छ । त्यसैले जुनसुकै विषय पढेपनि मेहनतका साथ पढ्नु पर्ने बताउनु भयो ।

प्रिन्सिपल दिलमान महर्जनले धन्यवाद दिनेक्रममा अभिभावकहरुले आफ्नो विद्यालयलाई विस्वास गरेर नानीहरु भर्ना गर्न ल्याउँदा आफूहरुलाई दिएको जिम्मेवारी पूरा गरी फिर्ता दिएको बताउनुभयो । उज्ज्वल पनि यस वर्षदेखि कक्षा ११ संचालन गर्ने भनिएकोमा विशेष कारणले संचालन गर्न नसकेको बताउँदै आगामी वर्षदेखि चलाउने विचार रहेको बताउनुभयो । मंगल मुनी बज्राचार्य पुरस्कार समान अंक ल्याउने ६ जना विद्यार्थीहरुलाई भाइस प्रिन्सिपल ईश्वरमुनी बज्राचार्यले प्रदान गर्नुभयो ।

# क्रिएटिभ स्कुलमा बधाई तथा विदाई कार्यक्रम सम्पन्न

**कीर्तिपुर सन्देश/**

एसईई परीक्षाको नतिजा निस्केको एक महिना भइसक्दा पनि विद्यालयहरुले उत्तीर्ण विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिने कार्यक्रम सकिएको छैन । हरेक हप्ता कुनै न कुनै विद्यालयको कार्यक्रम हुने गर्थ्यो । गत असार ३१ गते असार महिनाको अन्तिम शनिवार भएर होला कीर्तिपुरमा मात्र ४ ठाउँमा बधाई तथा विदाई, अभिनन्दन आदि नाम दिएर एसईई पास भएका विद्यार्थीहरुको लागि कार्यक्रम गरियो । जसमा नवनिर्वाचित नगरप्रमुख रमेश महर्जनलाई पनि भ्याइ नभ्याइ थियो ।

कीर्तिपुरको नयाँबजार स्थित छोटो समयमा नै उपस्थिति जनाउन सफल कीर्तिपुरका उत्कृष्ट नीजि विद्यालयहरु मध्ये एक भनाउन सफल क्रिएटिभ एकेडेमीले पनि आफ्नै हलमा एसईई उत्तीर्ण विद्यार्थीहरुलाई भव्य कार्यक्रम गरी बधाई तथा विदाई दिइयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मर्जिमान सिंहको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका नगर प्रमुख रमेश महर्जन हुनुहुन्थ्यो भने अन्य अतिथिहरुमा वडा नं.९ का वडाध्यक्ष गंगाराम महर्जन, विद्यालय निरिक्षक मोतिराज खनाल, जनसेवा मा.वि.एवं पीईपीका अध्यक्ष माधवलाल महर्जन, जनसेवाका प्राचार्य नन्दकुमारी महर्जन, प्रा.डा.रामकृष्ण महर्जन,




सल्लाहकार रामेश्वर रिजाल आदिको उपस्थिति रहेका थिए ।

स्वागत मन्तव्य दिनेक्रममा प्रिन्सिपल वि.एन.पौडेलले स्कुलको प्रगतिको संक्षिप्त विवरण दिनुहुँदै यो सफलतामा विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक र विद्यार्थीहरको उतिकै हात रहेको बताउनुभयो ।

एसईई उत्तीर्ण विद्यार्थीहरुलाई प्रमुख अतिथि र अतिथिहरुले अविर, माला र मायाको चिनो दिएर सम्मान गर्दै उज्ज्वल भविष्यको कामना सहित विदाई पनि दिइएको थियो ।

आफ्नो मन्तव्य दिनेक्रममा प्रमुख अतिथि नगरप्रमुख रमेश महर्जनले उत्तीर्ण विद्यार्थीहरुलाई बधाई दिंदै देशको लागि, आफ्नो ठाउँको लागि राम्रो जनशक्ति भई दिन सल्लाह दिए ।

उहाँले कीर्तिपुरको शैक्षिक विकासको लागि आफूले सक्दो सहयोग गर्ने वचन दिनुभयो । कीर्तिपुरलाई समृद्ध बनाउनको लागि आफू मैनवती जस्तो बनेर आफू जलेर पनि कीर्तिपुरको उज्यालोको समर्पित हुने बताउनु भयो ।

सभापति मर्जिमान सिंहले नगरप्रमुख रमेश महर्जनलाई धन्यवादको साथै मायाको चिनो प्रदान गर्नु भएको थियो ।

सभाको अन्त्यमा आ-आफ्नो ठाउँबाट सहयोग गर्नुहुने र व्यस्तताको वावजुद कार्यक्रममा उपस्थित हुनु भएका प्रमुख अतिथिलाई धन्यवाद दिनु भयो । उहाँले नगर प्रमुखको भनाईलाई उद्धृत गर्दै भन्नुभयो नगर प्रमुखले मैनवतीजस्तो आफू जलेर पनि समृद्ध कीर्तिपुर बनाउने अठोत गर्नुभयो । मैनबती त अलिकति मात्रको हावाहुरीले निभ्न सक्छ । त्यो मैनवतीलाई निभ्न नदिन हामीले हावाहुरीलाई छेक्न सक्नुपर्छ भन्नुभयो ।

कार्यक्रम शिक्षिका रिना शाहीले संचालन गर्नु भएको थियो । कार्यक्रममा विद्यालय निरिक्षक मोतिराज खनाल, प्रा.डा. रामकृष्ण महर्जनले विद्यार्थी वर्षा अधिकारीले कपनि बोल्नु भएको थियो ।

Admission Process in different Stream on the basis of Student's Scoring

**Admission Open in Grade XI**

| | |
|---|---|
| EDUCATION | 1.6 GPA with D+ in Nep, Eng, HPE & Science |
| MANAGEMENT | 1.6 gpa with D+ in Nep, Eng, Math, Science & Social Study |
| SCIENCE | 2 GPA With C+ in Math, Science D+ in Nep, Eng &Social Study |
| HUMANITIES | 1.6 GPA with D + in Nep, Eng & Social Study |

ECA & CCA Facilities with Variety of Scholarship
Well Plan & Run by Academic Team
Fully Supported & Managed by SMC
Panga, Kirtipur-5,
ph.No.4330880/4331982

**JANASEWA SECONDARY SCHOOL**

# स्पेसल ओलम्पिक्स नेपालको नयाँ कार्यसमिति गठन



**प्रदिप महर्जन**

बौद्धिक अपाङ्गता भएका बालबालिका, यूवा र बयस्कहरुको चौतर्फी विकासका लागि विश्वमा सन् १९६८ मा अमेरिकाका यूनिस केनेडी स्राइभरको अगुवाइ एवं नेतृत्वमा अन्तराष्ट्रिय स्पेसल ओलम्पिक्सको स्थापना भएको थियो तत्पश्चात एथलेटिक्स र पौडी प्रतियोगिता सञ्चालन गरेका थिए। उक्त प्रतियोगितामा अमेरिका, क्यानाडा र फ्रान्सका गरी १००० खेलाडीहरुले सहभागिता जनाएको थियो। यो विश्व खेल अन्तराष्ट्रिय स्पेसल ओलम्पिक्स प्रतियोगिता पनि ओलम्पिक खेल जस्तै प्रत्येक ४र ४ वर्षमा ग्रिष्मकालिन र शितकालिन गरी दुबै तर्फका खेलहरु आयोजना गर्दै आएको छ। हाल यस प्रतियोगितामा विश्वका १७० देशका लाखौ खेलाडीहरुले यस महोत्सवमा 'मलाई जित्न देउ मैले जित्न सकिन भने पनि मेरो प्रयासलाई सशक्त बनाउनुहोस' भन्ने नाराका साथ सहभागिता जनाउदै आएको छ।

स्पेसल ओलम्पिक्स नेपाल सन् १९८७ मा विधिवत रुपमा अन्तराष्ट्रिय स्पेसल ओलम्पिक्स बाट मान्यता प्राप्त गरी स्थापना भएको थियो। उक्त संस्थाको प्रथम अध्यक्ष डा. महेन्द्र प्रसाद हुनुहुन्छ। स्थापना कालदेखि नै नेपालले पनि विश्व खेल ग्रिष्मकालिन र शितकालिन दुवै प्रतियोगिताहरुमा सहभागिता जनाउँदै आ-आफ्नो इभेन्टहरुमा मेडल जित्दै आएको छ। अन्तराष्ट्रिय स्पेसल ओलम्पिक्सको वर्षै भरी खेलकुद तालिम दिने तथा प्रतियोगिता गराउने सिद्धान्त अनुसार नेपालले पनि स्थानीय, क्षेत्रीय, तथा राष्ट्रिय प्रतियोगिताहरु तीन चरणमा गर्दै आएको छ। स्थानीय तहमा वर्षै भरी खेलकुद कृयाकलापहरु हुने गर्दछ भने क्षेत्रीय र राष्ट्रिय प्रतियोगिता क्रमश: २ र ४ वर्षमा एक र एक पटक हुने गर्दछ। यसै प्रतियोगिताबाट अन्तराष्ट्रिय स्पेसल ओलम्पिक्स विश्व खेलको लागि खेलाडीहरु छनोटको कार्य समेत गर्दै आएको पाइन्छ।

स्पेशल ओलम्पिक्स नेपालको ३० वर्षको दौरानमा धेरै उतार चढावहरु पार गर्दै आज सम्म आउँदा ६८०० खेलाडीहरु तयार गरेका छन् भने १८०० भन्दा बढी तालिम प्राप्त स्वयं सेवकहरु देश भर तयार गरिसकेको छ। स्पेशल ओलम्पिक्स नेपालले आफ्नो न्यूतम श्रोत र साधनको बावजुद पनि एथलेटिकस, फुटवल, बास्केटबल, टेवलटेनिस, बोसी, क्रिकेट, यूनिफाइड गेम्स, मोटर एक्टिभिटि, एथलेट लिडरशिप प्रोग्राम, जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। स्पेशल ओलम्पिक्स नेपालको अझ जुझारु नेतृत्व चयन गर्न मिति २०७४/०३/२७ गते मात्र आठौं राष्ट्रिय समिति अधिबेशन भेलाको यस संस्थाका निवर्तमान अध्यक्ष डा. ज्योती शेरचनले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भयो। उद्घाटनका क्रममा उहाँले भन्नु भयो, स्पेसल ओलम्पिकस नेपाल पूर्ण रुपमा एक स्वयं सेवी संस्था भएको र यस सँग आवद्ध खेलाडीहरु मौखिक रुपमा केही भन्न र शारीरिक रुपमा पनि कृयाकलाप गर्न कठीन व्यक्तिहरु भएकोले यसमा आवद्ध सवल व्यक्तिहरुले एकदम निष्ठा र इमानदारी पूर्वक कार्य गर्नु पर्ने कुरा बताउनु भयो। साथै १० वर्षे द्वन्दकालमा आफुलाई पटक पटक धम्कीका बावजुद पनि यस स्पेशल ओलम्पिक्सको अभियानलाई निरन्तरता दिइ यस प्रकारका बालबालिकाहरुका लागि आफूले कुनै कसर बाँकी नराखी कार्यक्रमहरुलाई सञ्चालन गर्दै आएको बताउनु भयो। कार्यक्रम निवर्तमान महासचिव प्रा. डा. श्यामकृष्ण महर्जनले सञ्चालन गर्नु भएको थियो भने सोही अधिवेशनमा डा. लाक्पा शेर्पा अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएको थियो। उहाँ सँगै उपाध्यक्ष पदमा चितवनका सूर्य बहादुर मास्के, महासचिव पदमा भक्तपुर ठिमीका विष्णु बहादुर श्रेष्ठ, कोषाध्यक्ष पदमा काठमाडौंका रविन्द्र के. सी., सह सचिव पदमा काठमाडौंका गणेश प्रसाद पराजुली तथा सदस्यहरुमा वुटवलका लोकनाथ ढकाल र बागलुङका अगम कुमार पालिखे निर्वाचित हुनु भएको थियो। निर्वाचित भए पछि अध्यक्ष डा. लाक्पा शेर्पाले सबैको सहयोग लिएर निष्ठापूर्वक स्पेसल ओलम्पिक्स नेपालको विकासमा लाग्ने कुरा बताउनु भयो।

हाल सम्म स्पेसल ओलम्पिक्स नेपाललाई नेतृत्व गर्नेहरु १. डा. महेन्द्र प्रसाद सन् १९८७ –१९९५, २. डा. ज्योती शेरचन सन् १९९६– २००२, ३. डा. दिनेश चन्द्र देवकोटा सन् २००३– २००६, ४. डा. ज्योती शेरचन सन् २००७– २०१७, ५. डा. लाक्पा शेर्पा सन् २०१७ देखि

स्मरण रहोस कीर्तिपुरबाट सन् २००८मा बेजिङमा भएको अन्तर्राष्ट्रिय स्पेसल ओलम्पिक्स गेममा श्री पञ्चराम महर्जनका छोरा नन्दराम महर्जनले सहभागिता जनाएको थियो भने सन् २००६ मा कोलकातामा भएको क्रिकेट प्रतियोगितामा विकेन महर्जन र नन्दराम महर्जनले सहभागिता जनाई प्रथम स्थान हासिल गरेका थिए। त्यस्तै विकेन महर्जनले दक्षिण कोरियाको इन्चन सहरमा भएको म्यूजिकल फेस्टिभलमा समेत आफ्नो कौशलता प्रदर्शन गरिसकेका छन्।


## कीर्तिपुर सन्देश साप्ताहिका लागि कर्मचारीको आवश्यकता

**कीर्तिपुरमा सर्वाधिक लोकप्रिय साप्ताहिक पत्रिका कीर्तिपुर सन्देशका लागि कर्मचारी आवश्यक भएकाले इच्छुक व्यक्तिहरुले समयमै सम्पर्क राख्नु होला।**

नेपालभाषा जानेको र स्थानीयवासीलाई विशेष ग्राहयता दिइनेछ।

**सम्पर्क: साउन ११ गते सम्म**

सम्पर्क

**निखासी टोल: कीर्तिपुर नपा-३**

**फोन नं.: ९८४१४०१०७७**

**kirtipur_sandesh@live.com**


# नयाँ बजार क्लबद्धारा स्वास्थ्य शिविरको आयोजना



**कीर्तिपुर सन्देश साप्ताहिक**

नयाँबजार क्लबको आयोजनामा गत असार ३१ गते कृष्ण कयाटरिङमा नि:शुल्क स्वस्थ्य शिविरको सम्पन्न भयो। नयाँ बजार क्लबको आयोजनामा मलेसियन डाक्टरहरु र कीर्तिपुरका डाक्टर हरुको संयुक्त पहलमा उक्त स्वास्थ्य शिविर संचालन गरिएको थियो।

उक्त कार्यक्रममो उद्घाटन प्रमुख अतिथि कीर्तिपुर नगरपलिकाका मेयर रमेश महर्जनले पानसमा दीप प्रज्वलन गरि गर्नु भएको थियो। उक्त शिविरमा ३ सय ५० जनाले स्वास्थ्य परिक्षण गराई नि:शुल्क औषधि समेत प्राप्त गरेको थियो। सो शिविर पछि पांगा, नगाउँ, कीर्तिपुर भाजंगलका भुकम्प पीडितहरुलाई शिविरमा २५ केजि चामल, ५ केजि चिउरा, ३ केजी दाल, २ लिटर टेल, १ केजि चिनि सहित राहत सामग्री वितरण गरिएको नयाँबजार क्बलका अध्यक्ष इश्वरमुनि बज्राचार्यले कीर्तिपुर सन्देश साप्ताहिकलाई बताउनु भयो। शिविरमा ब्रस गर्ने, हात धुने लगाएत फिजियो थेरापी समेत सिकाइएको थियो।

त्यस्तै साउन २ गते कीर्तिपुर वडा नं. १० का भूकम्प पीडितहरुलाई नयाँ बजार क्लबमा राहत प्याकेट वितरण गरिएको थियो। सो अवसरमा नगर प्रमुख रमेश महर्जन, वडा नं. १० का अध्यक्ष अमन महर्जन लगायत क्लबका पदाधिकारीहरुको उपस्थित रहेको थियो।







# लोकेश जलानका तिनवटा गजल



१.उ आए जस्तै दिलको कठघरामा न्याय माग्न ।
अचानो आईपुगेको छ बन्चरामा न्याय माग्न ।

नानीहरुलाई भविष्यले डर त्रास देखाई रहदा
पाठशाला कुदेका छन कखरामा न्याय माग्न ।

कथङ्गाल काडाबाट पऱ्यो भने बलत्कारमा
जाला कि नजाला फूल भमरामा न्याय माग्न ।

म पनि यो जोबानीसग प्यार बोकेर कुनै बेला,
धाएको थिए एकहोरो अप्सरामा न्याय माग्न ।

जसरी आज सिहदरबार पसेको छ त्यसरी ऊ
कसो नआउला एक दिन टहरामा न्याय माग्न ।

२.भए जति खेतबारी साहुको नाममा राखेर ।
परदेशीएको हु घर गोठ लिलाममा राखेर ।

सरकार भोकाहरुको पेट कसरी भरिएला ?
कर्णाली पुऱ्याउने खाद्यान्न गोदाममा राखेर ।

छोरालाई गुनासो पोख्दै हुनुहुन्थ्यो बाआमा ,
आफु शहर हिड्यौ हामीलाई गाममा राखेर ।

ए निष्ठुरी म कसरी बाचिरहेछु हेर्ने नै हो भने ,
हेरे हुन्छ पानीबाट माछालाई घाममा राखेर ।

प्यारमा ठुलो गल्ती एउटा गरेकै हु मैले पनि
यो हृदय भित्र प्रेमिकालाई बेकाममा राखेर ।

३.आमा जहिल्यै सन्ततिको पिरमा ।
पुग्नु हुन्छ हरेक बिहान मन्दिरमा ।

बा'लाई आरनमा फुर्सद छदै छैन ,
छोरो चै दिन धकेल्छ घुमफिरमा ।

उनी सफर बाट अलग भएदेखि नै,
यो मुसाफिर फसेको छ जन्जिरमा ।

श्रीमान देशका लागि बलि बने पनि ,
रङ्गगेकै छ अबलाको सिन्दुर शिरमा ।

याद गर्नेले याद गर्न चट्टै छोडेपछि ,
लाग्दैन बाडुल्कि गला छ स्थिरमा ।

# गैरकानूनी सडक विस्तारविरुद्ध आइएलओमा मुद्दा हाल्ने तयारी

**कीर्तिपुर सन्देश साप्ताहिक**



काठमाडौं उपत्यकामा सडक विस्तारका नाममा यहाँका आदिवासीहरुको घर गैरकानूनी रुपमा धममाधम सरकारले नै भत्काउने काम गरिरहेको विरुद्धमा जनजाति कानून व्यवसायीहरुको संगठन लाहुरनिपले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)मा उजुरी हाल्ने तयारी गरिरहेको छ । सूत्रले दिएको जानकारी अनुसार आउदो साउन १६ गते अर्थात जुलाई महिना भित्र नै मुद्दा हाल्ने तयारी गरेको छ। तयसका लागि आवश्यक तयारी भइरहेको लाहुर्निप र सडक विस्तार पीडित संघर्ष समितिमा लागेका अगुवाहरुले कीर्तिपुर सन्देशलाई बताएका छन्।

यसै बीच गत सोमवार मात्रै अन्तर्राष्ट्रिय स्तरमा मुद्दा दायर गर्नका लागि आवश्यक तयारी गर्ने क्रममा एक कार्यक्रमको अयोजना गरियो। काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाका स्थानीय नेवा: समुदायको मात्र प्रतिनिधित्व रहेको सो कार्यक्रममा सडक विस्तार विरुद्धको आन्दोलनलाई अगाडी लाने क्रममा तयार गर्नुपर्ने रणनीतिको बारेमा समेत छलफल भएको थियो। लाहुरनिपका सचिव शंकर लिम्बुले सोमबार आयोजित एक अन्तरक्रिया कार्यक्रममा बोल्दै अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दायर गर्नका लागि तयारी आफूहरुले गरिरहेको बताउनु भएको थियो। यसका लागि काठमाडौं, ललितपुर भक्तपुर तथा कीर्तिपुरका सडकविस्तार पीडितहरुसँग सहकार्य गरिरहेको र यही हप्ता उजुरी पत्रको ड्राफ्ट तयार हुने पनि बताए। आदिवासी र भूमिको बिच गहिरो सम्बन्ध रहने र यो भनेको उनीहरुको आध्यात्मिक, धार्मिक र सांस्कृतिक जीवन, जीवन निर्वाह तथा पहिचान र अस्तित्वसँग जोडिएको सवाल भएकोले सरकारले आदिवासीलाई चित्तबुभ्दो कारण नदेखाई उनीहरुको अनुमति नलिई र जग्गाको जग्गा नै बदला नदिइकन खोस्नु अन्तर्राष्ट्रिय कानुनको खिलाफ भएको पनि उनले बताए।



कार्यक्रममा काठमाडौं उपत्यका सडकविस्तार पीडित संघर्ष समितिका संयोजन सुमन सायमिले सडक विस्तारको नाममा विशेष गरी काठमाडौं उपत्यकाका प्राचीन नेवार बस्तीहरुमा लक्षित गरी अहिलेका सरकारी कर्मचार िहरुद्वारा चलाइएका कदमहरु नेवारलाई नियोजित रुपमा समाप्त पार्न नै चालिएका हुन् भनेर नेवाहरुले बुझ्न जरुरी भएको बताए। अहिले हामीले यो राज्य आतंक रोक्न सकेनौं भने काठमाडौं उपत्यकामा नेवारहरु बाँकी हुने छैन। अहिले हामीले बिरोध गर्न नपुगेकोले नै बाहिरि चक्रपथ र स्याटेलाइट सिटीको अवधारणा ल्याइएका हुन्, उनले भने।

कार्यक्रममा नेवा: पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले सडक विस्तार को क्रममा उपत्यकाका आदिवासी नेवा: समुदायको सभ्यतासंग जोडिएका सम्पदाहरु संरक्षणको मुद्दालाई उठाउदै सम्पूर्ण उपत्यकावासीलाई सडकमा ल्याउने रणनीतिका साथ अघि बढ्नुपर्ने बताउनु भयो।

ललितपुरको बाडेगाउँमा सडक विस्तरले ९० प्रतिशत सम्पदा समाप्त हुने अवस्था रहेको, तोखामा ५० प्रतिशत सम्पदा समाप्त हुने अवस्था रहेको समेत उहाँले बताउनु भयो । यी सम्पदाहरु संरक्षणको सवाललाई लिएर अन्य स्थानीयवासीको सहभागीतामा अभियान संचालन गर्नुपर्ने बताउनु भएको थियो।

अधिवक्ता जितेन्द्र वज्राचार्यले हेर्दाहेर्दै राज्यले १५०० घर भत्काइसकेको र अब फेरि १५०० घर भत्काउने योजना बनाइरहेको बताए। उनले यो सडक विस्तार नगरविकासको आवश्यकता नभई नेवारहरुलाई नियोजित रुपमा विनाश गर्ने बाहिरबाट आएका हरुको नियत भएको पनि खुलासा गरे । 'देशमा संविधान छ, संविधानले हरेक नागरिकको सम्पत्तिमाथिको अधिकारको प्रत्याभूति दिएको छ। यसबाहेक नेपाल थुप्रै अन्तर्राष्ट्रिय कानून तथा सन्धीहरुको पक्षराष्ट्र हो । तर पनि हिजो भरखर गाउँबाट काठमाडौं हेर्न आएकाहरुले यहाँका सयौं वर्ष पुराना सम्पदा माथि आक्रमण गरिरहेको छ,' उनले भने । साथै उनले काठमाडौं बनाउनुको सट्टा राज्यको बजेट लगेर आफ्नै गाउँहरुको विकास गरेर देखाउन चुनौती पनि दिए । ट्रोल नेपालमण्डलकी रुकसाना कपालीले यस सडकविस्तारको नाममा राज्ये मचाएको आतंकका विरुद्ध युवा जमात सचेत भइसकेकाले अब बाहिरियाहरुले राज्यको कानुनको उपहास गरेर कुनै कदम चलाउनु भनेको सबै बाहिरि याहरुका लागि नै प्रत्युत्पादक हुने बताइन्।

सुरज महर्जनले अब सडक विस्तार पछि बाहिरबाट आएका सरकारी कर्मचारीहरु अहिलेको अवस्थामा बाहिरी चक्रपथ र स्याटेलाइट सिटीको नाममा उपत्यका वरिपरीको हरियाली नाश गर्न लागेको बताए । कार्यक्रममा उपत्यकाव्यापी सडक विस्तार पीडित संघर्ष समितिका उपाध्यक्ष एवं हलिं नेवा: गुथिका अध्यक्ष शान्तप्रकाश श्रेष्ठले अहिलेको अवस्थामा सडक आन्दोलनलाई नै पहिलो प्राथमिकता दिई अघि बढ्नुपर्ने बताउनु भयो। नेवा: संघका उदय शिलाकारले चुनाव पछि जनताले चुनेका मेयर र अन्य जनप्रतिनिधिले पनि यस गैरकानूनी सडक विस्तार का विषयमा नबोलेकोले अब कसलाई जनप्रतिनिधि भन्ने र जनताको सम्पत्तिको रक्षा गर्न कसलाई गुहार्ने भन्ने प्रश्न गरे।


# भर्ना खुल्ला गरिएको बारे सुचना

२०५६ सालमा स्थापना भइ लामो समयदेखि प्रारम्भिक बालविकास केन्द्र संचालनको अनुभव भएको यस सेतो गुराँस बाल विकास केन्द्रमा यही श्रावण १ देखि पुन सञ्चालन हुने भएकोले बालबालिकाहरु भर्नाका लागि सूचित गरिन्छ ।
विशेषत: शहरी गरिवी, गृह श्रमिक र भुकम्प पीडीतका बालबालिकाहरुलाई प्राथमिकताका साथ भर्ना लिइन्छ ।
खेल्दै सिक्दै कार्यक्रमबाट बालबालिकाहरुका शारिरिक, मानसिक, सामाजिक र सम्वेगात्मक विकासका लागि यस केन्द्रलाई सम्झौं ।

**अध्यक्ष**

**सेतो गुराँस बालविकास केन्द्र**

व्यवस्थापन समिति

**कीर्तिपुर नगरपालिका वडा नं. ८ पाँगा चिखुफाँट,**
**सम्पर्क न ९८४१३८०५४८**

# हार्दिक श्रद्धाञ्जली

जन्मः
१९८३/०३/१५



निधनः
२०७४/ ०३/२६

**स्व. नानी कार्की**

यस न्हू पलाः (सामुहिक कोष)का संस्थापक अध्यक्ष श्री चञ्चल कार्की तथा संस्थापक सदस्य श्री सुरेन्द्र कार्कीका पुज्यनीय ममतामयी हजुरआमा **नानी कार्की**को मिति २०७४/३/२६ गते ९१ वर्षको उमेरमा स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनले धैर्यधारण गर्न सकोस भनी समवेदना व्यक्त गर्दछौं ।

## न्हू पलाः

पाँगा, कीर्तिपुर

# माओवादी केन्द्रद्वारा महर्जनलाई श्रद्धाञ्जली अर्पण




कीर्तिपुर सन्देश/

नेकपा (माओवादी केन्द्र) कीर्तिपुर नगर कमिटीको आयोजनामा गत असार ३१ गते शनिवार मङ्गल मा.वि.को हलमा स्वर्गिय नवीन महर्जनको सम्झनामा एक श्रद्धाञ्जली सभाको आयोजना गरियो । शम्भुराम महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका बरिष्ठ नेता नारायण काजी श्रेष्ठ हुनुहुन्थ्यो। अन्य अतिथिहरुमा ३ नं. प्रदेशका इन्चार्ज हितमान शाक्य, काठमाडौं जिल्ल संयोजक दिलिप महर्जन शिब श्रेष्ठ, नवीनका श्रीमती चौथी महर्जन र छोरा नयन महर्जन हुनुहुन्थ्यो। स्व.नवीन महर्जन माओवादी केन्द्र कीर्तिपुर नगर कमिटिका सदस्य वडा नं.१ का सचिव हुनुहुन्थ्यो । नवीनको सम्झनामा एक मिनेट मौन धारण गरी प्रमुख अतिथि लगायत सबैले उहाँको तस्वीरमा माल्यार्पण फूलको गुच्छा अर्पण गर्दै श्रद्धाञ्जली दिएका थिए । इसासका कलाकारहरुले नवीनले संगीतवद्ध गरेका गीत गाएर श्रद्धाञ्जली अर्पण गरेका थिए। उक्त श्रद्धाञ्जली सभामा नेकपा (माओवादी केन्द्र) ३ नं. प्रदेशका इञ्चार्ज हितमान शाक्य, सोही पार्टीका काठमाडौं जिल्ला संयोजक दिलीप महर्जन, राराहिल फाउण्डेसनका अध्यक्ष कृष्णबहादुर महर्जन, कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदिप महर्जन, नवीन महर्जन संलग्न संस्था कीर्तिपुर जनपोलिक्लिनिकका अध्यक्ष हिराबहादुर महर्जनले पनि श्रद्धाञ्जली शब्दहरु पोखे । नवीन महर्जनको जीवनीबारे केटाकेटी कालदेखि उनका नजिकका मित्र रहँदै आएका र ाजेन्द्र महर्जनले विस्तृत चर्चा गरे । त्यस्तै गरी नवीन महर्जनले काम गर्दै आएको उज्जवल शिशु निकेटनका प्रिन्सिपल दिलमान महर्जनले पनि श्रद्धासुमन वक्तव्य दिए । कीर्तिपुर सन्देशका प्रकाशक नजरराम महर्जनले पनि नवीन महर्जनको योगदानको बारेमा बोल्नु भएको थियो ।

प्रमुख अतिथि नारायणकाजी श्रेष्ठले नविन महर्जन कर्मथ, इमान्दार, नैतिकवान कार्यकर्ता र हेको, उहाँले गर्नु भएको कामलाई निरन्तरता दिदै समाजमा समाजिक, राजनीतिक विकासका लागि नयाँ नविन उत्पादन गर्न सकेमात्र नविनप्रति सच्चा श्रद्धाञ्जाली हुने बताउनु भयो ।

# बिचाः हायेका

जन्मः
२००७/०३/२०



मदुगुः
२०७४/०३/१०

**मदुम्ह ज्ञानी महर्जन**

नगां ज्ञानमाला खलःया जः हरिशरण महर्जनया केहैं, खलःया जः **ज्ञानी महर्जन** वंगु असार १० गते आकाझाकां मदुगुलिं मदुम्हेसिया आत्मा चिरशान्ति जुया सुखावति भुवनय् बास लायूमा धकाः कामना यासें दुःखकःपिं सकल छेँपिन्सं मन चिइ फयूमा धकाः बिचाः हायूका च्वना ।

## नग्रां ज्ञानमाला भजन खलः

नगां, किपू-९



"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable
Ornaments
"Purity is Our Moto"
"Makes You Feel Who You are"
•Exhange Offer •Gold Purity test •Gold Loan Facilities
पद्मिनि
Jewellers
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
☎ : 01-4331046